# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

Faculty of Humanities and Social Sciences Dean's Office

मितिः २०८२/०४/१८

**दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) पहिलो सेमेस्टरको सत्रान्त परीक्षाका निमित्त अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२५ (Batch 2025) को **पहिलो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८२ साल भाद्र २३ गतेबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८२ साल श्रावण २२ गतेदेखि भाद्र १० गतेभित्र अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीद्वारा आफू अध्ययनरत विभागको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन परीक्षा फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ।

- ❖ **परीक्षा फाराम भर्ने समयावधि** मिति २०८२ श्रावण २२ गतेदेखि भाद्र १० गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८२ भाद्र १५ गते राति १२:०० बजेसम्म।

- ❖ **परीक्षा दस्तुर** : नियमित परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूका लागि रू. ५,०००/- (विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा E-sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ)।

- ❖ परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पस/विभागमा सम्पर्क राख्नुपर्ने छ।

- ❖ परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

- ❖ सम्बन्धित क्याम्पस/विभागहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ।


कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

❖ सम्बन्धित क्याम्पस/विभागहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम मिति २०८२ साल भाद्र ११ गतेभित्र र दोब्बर दस्तुरको हकमा भाद्र १६ गतेभित्र अनिवार्यरुपमा रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ । **उक्त समयावधिभित्र रूजु र प्रमाणित (Verify) नगरेको अवस्थामा अन्यथा हुन गएको खण्डमा सम्बन्धित कलेज/क्याम्पस/विभागहरू नै जवाफदेही हुनुपर्ने छ ।**

❖ विद्यार्थीहरूले भरेका र क्याम्पस/विभागहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित विभाग/कार्यक्रमको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) मिति २०८२ साल भाद्र २० गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

❖ डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका **परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८२ साल भाद्र २० गतेपछि** सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी तथा सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमको छाप अनिवार्य रुपमा लगाइ परीक्षा अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ । **सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमको छाप नभएको प्रवेशपत्र परीक्षामा सामेल हुनका लागि मान्य हुने छैन ।**

Faculty of Humanities and Social Sciences
Dean's Office

.........................
**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**